# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :
Ref. No.-





पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**E-mail : stock@enet.com.np**
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :
Ref. No.-




पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**E-mail : stock@enet.com.np**
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :
चलानी नं. :
Ref. No.-

## प्रेश विज्ञप्ति

नेपाल स्टक एक्सचेञ्जको कारोबार प्रणालीको स्वचालीकरण पश्चात कारोबारको आकार उल्लेख्य रुपमा बढ्दै गएको छ । साथै शेयर बजारप्रति आमजनताको चासो बढ्दै गएकोले भविष्यमा अझ बढ्ने प्रचुरतम संभावना रहेको छ । यसबाहेक शेयर बजार कारोबारलाई पूर्ण स्वचालिकरण गरी लगानीकर्ताहरुको हित सुरक्षण गर्दै संभाव्य जालसाजी, धोकाधडी हटाउन र सबै लगानीकर्तालाई अन्तराष्ट्रिय स्तरको चुस्त तथा प्रभावकारी सेवा प्रवाह गर्न अत्यन्त आवश्यक भैसकेको छ । केन्द्रीय निक्षेप प्रणाली (सीडीएस)को स्थापनाले लगानीकर्ताहरु लाई बजारबाट हुने लाभ छिटो भन्दा छिटो प्राप्त गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ बजेटमा सीडीएसको स्थापनालाई प्राथमिकतामा राखेको छ । यसै सिलसिलामा सीडीएस स्थापनाको प्रारम्भिक गृहकार्य गर्ने क्रममा नेपाल स्टक एक्सचेञ्जले विदेशी विज्ञलाई आमन्त्रीत गरी पूँजी बजार तथा सीडीएस सम्बद्ध सरोकारवालाहरु सँग एक छलफल कार्यक्रम आयोजना गरेको छ । सोमबार सम्पन्न 'नेपालमा केन्द्रीय निक्षेप प्रणालीको स्थापना' विषयक कार्यक्रममा सेन्ट्रल डिपोजिटरी सर्भिसेस इण्डिया लिमिटेडका सिनियर भाइस प्रेसिडेन्ट साइरस खम्बाटाले मुख्य कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँको कार्यपत्र बम्बई स्टक एक्सचेञ्ज सम्बद्ध केन्द्रीय निक्षेप प्रणालीको स्वरुप, प्रविधि, स्थापना तथा सञ्चालन लागत, सहभागी तथा सरोकारवाला एवं पूँजी बजार विकासमा यसले पुऱ्याउने योगदानमा केन्द्रीत थियो ।

कार्यक्रमका मुख्य अतिथी अर्थ सचिव रामेश्वर खनालले सरकार सिडिएस स्थापनाप्रति अत्यन्तै सकारात्मक रहेको जानकारी दिनुभयो । पूँजी बजारप्रति बढ्दै गएको आमजनताको चासोलाई सम्बोधन गर्न आवश्यक पुर्वाधार निर्माणका लागि प्रतिवद्ध रहेको उहाँले बताउनुभयो । सिडिएस स्थापनाका लागि आवश्यक ऐन नियम तर्जुमा गर्न सम्बद्ध सरोकारवालाबाट सुझाव तथा निकट भविष्यमा स्थापना हुने सीडीएस कम्पनी पूर्ण व्यावसायिक रुपमा सञ्चालन हुने सरकारले अपेक्षा गरेको जानकारी दिनुभयो । सीडीएस स्थापनापश्चात मुलुकको सुदूर पश्चिमदेखि पूर्वका आमजनतालाई पूँजी बजारले समेट्ने अपेक्षा गरेको जानकारी गराउनु भयो।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा.शुरवीर पौड्याले सीडीएस स्थापनापछि नेपालको पूँजी बजारमा उल्लेख्य परिवर्तन हुने बताउनुभयो । मुलुकमा चुस्त तथा प्रभावकारी पूँजी बजार विकासका लागि सीडीएस आधारभूत पूर्वाधार रहेको बताउदै नेपाल धितोपत्र बोर्डले सिडिएस सञ्चालनमा आवश्यक नियमावली तर्जुमा गरी अनुमोदनका लागि सरकार समक्ष प्रस्तुत गरेको जानकारी उहाँले दिनुभयो । यसैगरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेड सञ्चालक समितिका अध्यक्ष डा. नारायणप्रसाद पौड्यालले सीडीएस स्थापनापछि नेपालको पूँजी बजार अझै चुस्त र गतिशील हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका महाप्रवन्धक शंकरमान सिंहले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । सीडीएस स्थापना सम्बन्धमा भएका प्रगतिका बारेमा सम्बद्ध सरोकारवालाहरु लाई जानकारी दिने र छिमेकी मुलुकहरुमा भएको यस सम्बन्धी व्यवस्थाहरुको समीक्षा गर्ने कार्यक्रमको उद्देश्य रहेको उहाँले बताउनुभयो । स्टक एक्सचेञ्जका कामु नायब महाप्रवन्धक प्रमोद भट्टराइले नेपालको पूँजी बजारको वर्तमान अवस्थाको चर्चा गर्नुभएको थियो । कार्यक्रममा नेपाल सरकारका विभिन्न निकाय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, बिमा समिति, सूचीकृत कम्पनी, प्राज्ञिक वर्ग, धितोपत्र व्यवसायी लगायतका प्रतिनिधिहरुको उपस्थिति थियो ।


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**E-mail : stock@enet.com.np**

साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :

चलानी नं. :

Ref. No.-

मिति : २०६६/४ /४


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**E-mail : stock@enet.com.np**

साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.